# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको परीक्षा आवेदन फाराम भर्ने बारे
# अत्यन्तजरुरी सूचना

(प्रथम पटक मिति २०७२ चैत्र ११ गते प्रकाशित)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा इन इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, सूचना प्रविधी, र होटल म्यानेजमेन्ट कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड, दोश्रो बर्ष प्रथम खण्ड र तेश्रो बर्ष प्रथम खण्डको नियमित तथा आंसिक परीक्षा २०७३ साल वैशाख महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फारम भरी बुझाउँनकालागि **२०७२ साल चैत्र २५ गते भित्र नियमित शुल्कमा** र **२०७३ साल वैशाख १० गते भित्र विलम्व शुल्कमा** सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा परीक्षा आवेदन फाराम भराउँनु हुन यो सूचना प्रकाशित गरिएको छ । निम्न शर्तहरु पूरा नभएका र ***तोकिएको समयभित्र आवेदन फाराम नबुझाउँने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।***

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । उक्त आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रष्ट देखिने **पासपोर्ट साईजको** फोटो ३ (तीन) प्रति टाँसिएको हुनुपर्नेछ ।

२. प्रथम बर्ष प्रथम खण्डका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु **Web based online system मा entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Hard Copy (Printed Copy) समेत एक प्रति सोहि फाईलमा संलग्न हुनुपर्नेछ ।**

३. दोश्रो बर्ष प्रथम खण्ड र तेश्रो बर्ष प्रथम खण्ड नियमित तथा आंसिक र प्रथम बर्ष प्रथम खण्डका आंसिक परीक्षार्थीहरुको परीक्षा आवेदन फारामसाथ समष्टीगत फाराम समेत तयार गरी सो को एक प्रति **Soft Copy Excel 7.0 मा** र **Hard Copy (Printed Copy) दुई प्रति** समेत फारामसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

४. नियमित परीक्षाको हकमा परीक्षा शुल्क रु. २०००।- तथा बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्वर दस्तूर बुझाउनु पर्नेछ ।

५. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु.३००।- प्रत्येक थप विषयको लागि रु.१५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ ।

६. ***आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०६५/६६ देखि २०७१/७२ (२००८ देखि २०१४) सम्म भर्ना भई २०६५, २०६६, २०६७, २०६८, २०६९, २०७० र २०७१ साल सम्ममा रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउँने छन् ।***

७. प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण हुने बिषयको लागि पनि शर्त नं. ५ मा उल्लेखित शर्त लागू हुनेछ ।

८. परीक्षार्थीहरुको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क दरखास्त फाराममा उल्लेख गर्नु पर्ने छ साथै आन्तरिक मूल्याङ्कनको समष्टिगत फाराम तयार गरी **एक प्रति Soft Copy (DVD) Excel 7.0 मा र Hard Copy (Printed Copy)** समेत परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्बन्धित क्षेत्रीय कार्यालयहरुमा अनिवार्य रुपले परीक्षा आवेदन फाराम साथ पेश गर्नुपर्नेछ । साथै आंशिक परीक्षार्थीहरुको आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण हुने हरुको हकमा समेत समष्टिगत फाराम तयार गरी उत्तीर्ण भएको प्राप्ताङ्क दरखास्त फाराममा उल्लेख गर्नुपर्ने र एक प्रति उक्त प्राप्ताङ्क समेत आवेदन फाराम साथ पेश गर्नुपर्नेछ । **आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण विद्यार्थीहरुले फाराम भरी परीक्षा दिएको पाईएमा निजहरुको परीक्षा स्वत : रद्ध हुनेछ ।**

९. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

१०. आवेदन फाराम परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर र परिषद्का सम्बन्धित क्षेत्रीय कार्यालयहरुबाट उपलव्ध हुनेछ । आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन । उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ ।

११. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत आंशिक र नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी ***कार्यक्रम, विषय, विद्यार्थी संख्या र रकम खुलेको शिक्षण संस्थाको पत्र र रकम बुझाएको रसिद*** संलग्न गरी प्रा. शि. तथा व्या. ता. परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, सानोठिमी, भक्तपुरको च. हि. नं. ११** मा, पुर्व क्षेत्र क्षेत्रीय कार्यालय इटहरीमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, इटहरीको च. हि. नं. २५५०००१२७८०१ मा,** मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवनमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, भरतपुरको च. हि. नं.१३१०००६६७१०१ मा,** र पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बाँकेमा परीक्षा आवेदन फाराम वुझाउँने शिक्षण संस्थाहरुले **रा. बा. बैङ्क, कोहलपुरको च. हि. नं. ४२८००००९१९०१ मा** रकम जम्मा गरेको हुनु पर्ने छ ।

१२. तोकिएको समयभित्र परिषद्को कार्यालयमा दर्ता नभएमा फाराम स्वीकृत गरिने छैन । त्यसको जवाफदेही सम्बन्धित शिक्षण संस्था नै हुनेछ ।

१३. परीक्षार्थीहरुको जुनसुकै अवस्थामा पनि परीक्षा केन्द्र परिवर्तन गरिने छैन ।

१४. **सम्वन्धित शिक्षण संस्थाहरुले उक्त नियमित तथा आंशिक परीक्षाका आवेदन फारामहरु मिति २०७२ चैत्र २८ गते भित्र नियमित शुल्कको हकमा र विलम्व शुल्कको हकमा मिति २०७३** वैशाख **१३ गते भित्र शुल्क जम्मा गरेको बैङ्क भौचर सहित अनिवार्य रुपमा परीक्षा नियन्त्रण कार्यालय र परिषद्का सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा आइपुग्ने गरी बुझाउनु पर्नेछ ।**

१५. प्रवेश पत्र सम्वन्धित शिक्षण संस्थाले परीक्षा शुरु हुनु अगावै परीक्षा नियन्त्रण कार्यालय र **परिषद्का सम्वन्धित क्षेत्रीय कार्यालयहरुबाट** बुझि लैजानु पर्नेछ । प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन ।

१६.दोश्रो बर्ष प्रथम खण्ड र तेश्रो बर्ष प्रथम खण्डको नियमित तथा आंसिक र प्रथम बर्ष प्रथम खण्डका आंसिक परीक्षार्थीहरुको **Symbol No.** परिषद्को Website WWW.ctevt.org.np मा उल्लेख भए अनुसार हुनुपर्ने छ ।

१७.अन्य विस्तृत जानकारीको लागि परिषद्को Website WWW.ctevt.org.np र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर वा परिषद्का क्षेत्रीय कार्यालयहरुमा सम्पर्क राख्नुहोला ।

***नोटः परिषद्का आंगिक, साझेदारी र सामूदायिक विद्यालयको परीक्षा आवेदन शुल्क सम्वन्धमा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर वा परिषद्का क्षेत्रीय कार्यालयहरुमा सम्पर्क राख्नुहोला ।***

**नियन्त्रक**